**आकाशवाणी समाचार- नेपाली**
**मितिः १३ जून २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज देहरादूनस्थित भारतीय सैन्य एकेडेमीमा पासिङ आउट परेडको निरीक्षण गर्नुहुनेछ। यस वर्षको परेडको लागि ऐतिहासिक पहिलो पटक, महिला क्याडेटहरूले आफ्ना पुरुष समकक्षीहरूसँग मार्च गर्नेछन्।

२. प्रधानमन्त्री नरेन्द्र मोदी १४ जूनमा स्लोभाक गणराज्यको तीन दिने भ्रमणका लागि प्रस्थान गर्नु हुनेछ।

३. रक्षामन्त्री राजनाथ सिंहले 'अपरेशन सिंदूर' को समयमा स्वदेशी मिसाएल प्रणालीहरूको असाधारण प्रदर्शन भारतको रक्षा अनुसन्धान र विकास पारिस्थितिक प्रणालीको बढ्दो शक्तिको प्रमाण भएको बताउनु भएको छ।

४. विदेशमन्त्री एस. जयशंकरले खाडीमा अमेरिकी नौसैनिक हमलाको बारेमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग कडा विरोध जनाउनु भयो।

५. केन्द्रीय भारी उद्योग तथा स्टील मन्त्री एच.डी. कुमारस्वामीले प्रधानमन्त्री नरेन्द्र मोदीले उत्पादनमूलक वृद्धि र रोजगारी सिर्जनामा अभूतपूर्व जोड दिएको बताउनु भएको छ।

**राष्ट्रपतिको देहरादून भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले आज देहरादूनस्थित भारतीय सैन्य एकेडेमीमा पासिङ आउट परेडको निरीक्षण गर्नुहुनेछ। यस वर्षको परेडको लागि ऐतिहासिक पहिलो पटक, महिला क्याडेटहरूले आफ्ना पुरुष समकक्षीहरूसँग मार्च गर्नेछन्। यस भव्य समारोहको क्रममा ५०० भन्दा बढी पुरुष र महिला क्याडेटहरूलाई सेनामा अधिकारीको रूपमा नियुक्त गरिनेछ। भारतीय सैन्य एकेडेमीको पासिङ आउट परेड केवल एक सैन्य परम्परा मात्र होइन; यसले राष्ट्रको सेवामा समर्पित युवा अधिकारीहरूको लागि नयाँ यात्राको सुरुवातको प्रतीक पनि हो।

**प्रधानमन्त्रीको स्लोभाक गणराज्य भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी १४ जूनमा स्लोभाक गणराज्यको तीन दिने भ्रमणका लागि प्रस्थान गर्नु हुनेछ। ब्रातिस्लावा स्लोभाकका प्रधानमन्त्री रोबर्ट फित्सोसँगको वार्ताका क्रममा प्रधानमन्त्री मोदीले आपसी सहयोग बढाउने तरिकाहरूबारे छलफल गर्नु हुनेछ। श्री मोदीले स्लोभाक गणराज्यका राष्ट्रपति पीटर पेलेग्रिनीसँग पनि भेट गर्नु हुनेछ।

**राजनाथ सिंह – हतियार प्रणाली**

रक्षामन्त्री राजनाथ सिंहले 'अपरेशन सिंदूर' को समयमा स्वदेशी मिसाएल प्रणालीहरूको असाधारण प्रदर्शन भारतको रक्षा अनुसन्धान र विकास पारिस्थितिक प्रणालीको बढ्दो शक्तिको प्रमाण भएको बताउनु भएको छ। हिजो, हैदराबादमा, श्री राजनाथ सिंहले डा. एपीजे अब्दुल कलाम मिसाइल कम्प्लेक्सभित्र अवस्थित रक्षा अनुसन्धान र विकास संगठन डीआरडीओको रक्षा अनुसन्धान र विकास प्रयोगशालामा उन्नत हतियार प्रणाली परिसरको उद्घाटन गर्नुभयो। यस अवसवरमा रक्षामन्त्रीले भन्नु भयो, डीआरडीओको आकाश र ब्रह्मोस प्रणालीहरूले विश्वव्यापी रक्षा प्रविधि परिदृश्यभित्र भारतको क्षमताहरू प्रदर्शन गरेका छन्। श्री सिंहले जोड दिनु भयो, शक्ति शान्तिको लागि आवश्यक छ र आत्मनिर्भरता त्यो शक्तिको लागि सबैभन्दा भरपर्दो आधार बनाउँछ।रक्षामन्त्रीले युद्धको द्रुत रूपमा विकसित प्रकृतिलाई ध्यानमा राख्दै राष्ट्रिय सुरक्षा हितहरूको रक्षा गर्न सुगमता र

प्रतिरोधको महत्त्वलाई पनि जोड दिनु भयो। उहाँले भविष्यका चुनौतीहरूको सामना गर्न सशस्त्र बलहरूलाई अत्याधुनिक प्रणालीहरूले सुसज्जित गर्नुपर्ने आवश्यकतामा जोड दिनु भयो।

**जयशंकर – अमेरिकी विदेशमन्त्री**

विदेशमन्त्री एस. जयशंकरले खाडीमा अमेरिकी नौसैनिक हमलाको बारेमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग कडा विरोध जनाउनु भयो। यी हमलाहरूमा तीन भारतीय नाविकहरू मारिए। डा. जयशंकरले वाणिज्यिक जहाजहरू विरुद्धको यस्तो घातक कारबाही अनुचित भएको बताउनु भयो। यो कुराकानी ओमानको तटमा एमटी सेटेबेलो ट्याङ्करमा अमेरिकी हमलामा तीन भारतीय चालक दलका सदस्यहरूको मृत्यु भएको केही दिनपछि भएको थियो।जहाजमा २४ भारतीय चालक दलका सदस्यहरू थिए। यी मध्ये २१ जनालाई सुरक्षित रूपमा उद्धार गरिएको थियो। पछि बेपत्ता तीन नाविकहरूको मृत्यु भएको पुष्टि भयो। घटनापछि भारतले कडा विरोध गर्न नयाँ दिल्लीमा अमेरिकी कूटनीतिज्ञलाई बोलायो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले पहिले भन्नु भएको थियो, भारतीय चालक दलका सदस्यहरू बोकेका व्यापारिक जहाजहरूमाथि आक्रमण तुरुन्तै बन्द हुनुपर्छ। उहाँले संवाद र कूटनीतिमार्फत क्षेत्रमा शान्ति र स्थिरताको प्रारम्भिक पुनर्स्थापना सुनिश्चित गर्न पनि आह्वान गर्नु भयो।

**वैष्णव-रेलवे**

रेलवे मन्त्री अश्विनी वैष्णवले रेलवे भर्ती बोर्डहरूको भर्ती प्रक्रियाको बारेमा हिजो वरिष्ठ रेलवे अधिकारीहरूसँग उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो। बैठकको क्रममा श्री वैष्णवले थप पारदर्शी, सटीक र प्रविधि-संचालित प्रणालीको आवश्यकतामा जोड दिनुभयो। उहाँले कम्प्युटर-आधारित मोडमार्फत विभागीय परीक्षाहरू सञ्चालन गर्ने दिशामा भएको प्रगतिको पनि समीक्षा गर्नुभयो। श्री वैष्णवले भर्ती प्रक्रियालाई छिटो, कुशल र प्रयोगकर्ता-मैत्री बनाउन थप ट्याब्लेट-आधारित परीक्षाहरू लागू गर्नुपर्ने बताउनु भयो। बैठकको क्रममा उहाँले वार्षिक भर्ती क्यालेन्डर र रिक्त पदहरूको त्रैमासिक सूचनाहरूलाई उम्मेदवारहरूले अत्यधिक प्रशंसा गरेको उल्लेख गर्नु भयो। श्री वैष्णवले प्रविधिको प्रयोग, द्रुत प्रक्रियाहरू र बढी जवाफदेहितामार्फत रेलवे भर्ती प्रणाली निरन्तर विकसित हुनुपर्ने बताउनु भयो। रेलवे मन्त्रालयले भारतीय रेलवेले वित्त वर्ष 2025-26 लागि छवटा प्रमुख श्रेणिहरुमा 47 हजार भन्दा बढी रिक्त पदहरूको विरुद्धमा ४३ हजारभन्दा बढी उम्मेदवारहरूको भर्ती पूरा गरेको बताउनु भयो।

**नायडू – एयर इन्डिया घटना**

नागर विमानन मन्त्री राम मोहन नायडूले एयर इन्डिया एआई-१७१ विमान घटनाको अनुसन्धान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रक्रिया अनुसार व्यावसायिक रूपमा भइरहेको बताउनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री नायडूले गत वर्ष भएको यो दुखद घटनामा ज्यान गुमाउनेहरूका परिवारप्रति समवेदना व्यक्त गर्नु भएको छ। उहाँले घटनाको कारणहरू निष्पक्ष रूपमा पत्ता लगाउने र उड्डयन सुरक्षालाई अझ बढाउने सरकारको प्रतिबद्धता पुष्टि गर्नु भएको छ।

यसैबीच, विमान दुर्घटना अनुसन्धान ब्यूरो एएआईबीले अहमदाबादबाट लन्डन जाँदै गरेको एयर इन्डियाको उडान एआई-१७१ सँग सम्बन्धित घटनाको पूर्ण, स्वतन्त्र, निष्पक्ष र प्रमाणमा आधारित अनुसन्धान गर्न प्रतिबद्ध रहेको बताएको छ। अनुसन्धानको प्रगति सम्बन्धी अन्तरिम विज्ञप्तिमा, एएआईबीले सबै अनुसन्धान गतिविधिहरू पूरा भएपछि र आवश्यक अन्तर्राष्ट्रिय समीक्षापछि अन्तिम प्रतिवेदन जारी गरिने संकेत गरेको छ।

**कुमारस्वामी-सीएमटीआई**

केन्द्रीय भारी उद्योग तथा स्टील मन्त्री एच.डी. कुमारस्वामीले प्रधानमन्त्री नरेन्द्र मोदीले उत्पादनमूलक वृद्धि र रोजगारी सिर्जनामा अभूतपूर्व जोड दिएको बताउनु भएको छ। यसले औद्योगिक विकासलाई तीव्र बनाएको छ र व्यापक रोजगारीका अवसरहरू सिर्जना गरेको छ। श्री कुमारस्वामीले हिजो बेंगलुरुमा केन्द्रीय विनिर्माण प्रौद्योगिकी संस्थानको ६५ औं स्थापना दिवस समारोहलाई सम्बोधन गर्नुभयो। उहाँले संस्थानले रणनीतिक क्षेत्रमा अनुसन्धानमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्नुभयो। उहाँले संस्थानको क्षमतालाई सुदृढ पार्न र राष्ट्रिय स्तरमा यसको विस्तारलाई सहज बनाउन वित्तीय र संस्थागत सहयोग प्रदान

गरिने बताउनुभयो।केन्द्रीय मन्त्रीले हिन्दुस्तान मेसिन टूल्स एचएमटीको पुनरुत्थानको लागि परियोजना प्रतिवेदन अन्तिम चरणमा रहेको र सरोकारवालाहरूसँग परामर्श गरेपछि कार्यान्वयन सुरु हुने बताउनु भयो। उहाँले उल्लेख गर्नु भयो नीति आयोगका पूर्व सदस्य वी.के. सारस्वतको अध्यक्षतामा रहेको उच्चस्तरीय समितिले यस विषयमा काम गरिरहेको छ र समितिको सिफारिसहरूको आधारमा पुनरुत्थान कार्यक्रम तयार गरिनेछ।

**विदेश मन्त्रालय - सांघाई सहयोग संगठन**

विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले सांघाई सहयोग संगठन – एससीओ केवल एक क्षेत्रीय समूह मात्र नभई भारतलाई युरेसियामा रहेका ऐतिहासिक र सभ्यताका साझेदारहरूसँग जोड्ने एक महत्त्वपूर्ण कडी भएको बताउनु भएको छ। ताजिकिस्तानमा आयोजित एससीओ अन्तर्राष्ट्रिय सम्मेलनमा बोल्नु हुँदै उहाँले भन्नु भयो, संगठनभित्र सहयोगको लागि भारतको दृष्टिकोण प्रधानमन्त्री नरेन्द्र मोदीको 'सुरक्षा, कनेक्टिभिटी र अवसर' को ढाँचाबाट निर्देशित छ। उहाँले भन्नु भयो, यस दृष्टिकोणमा मध्य एशियाको महत्त्वपूर्ण स्थान छ।

डा. कीर्तिवर्धनले आफ्ना मध्य एशियाली साझेदारहरूसँगको सहकार्यमा आतंकवादको सबै रूप र अभिव्यक्तिहरूसँग लड्न भारतको दृढ संकल्पलाई पुष्टि गर्नु भयो। राज्यमन्त्रीले घोषणा गर्नु भयो, भारतले १७ देखि १९ जुलाईसम्म कोलकातामा एससीओ सभ्यता संवाद मञ्चको आयोजना गर्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले कार्यक्रमको उद्घाटन र मुख्य भाषण दिनुहुनेछ।

**नीट समीक्षा बैठक**

क्याबिनेट सचिव टि.भी. सोमनाथनले राष्ट्रिय परीक्षण एजेन्सीका महानिर्देशक अभिषेक सिंहसँगै निट पुनर्परीक्षाको तयारीको समीक्षा गर्नु भयो। बैठकमा डा. सोमनाथनले सबै सम्बन्धित सरोकारवालाहरूबीच नजिकको समन्वयमार्फत परीक्षाको सहज, पारदर्शी र सुरक्षित सञ्चालन सुनिश्चित गर्ने आवश्यकतामा जोड दिनु भयो। उहाँले भन्नु भयो, केन्द्र सरकार, राज्य सरकारहरू र जिल्ला प्रशासनहरूले निट पुनर्परीक्षाको सहज सञ्चालन सुनिश्चित गर्न नजिकको समन्वयमा काम गरिरहेका छन्। श्री सोमनाथनले कुनै पनि तरिकाले परीक्षाको निष्पक्षता र सहज सञ्चालनलाई प्रभाव पार्ने, बाधा पुऱ्याउने वा छेडछाड गर्ने प्रयास गर्ने जो कोही विरुद्ध कडा कानुनी कारबाही गरिने कुरामा जोड दिनु भयो।सूचना तथा प्रसारण मन्त्रालयले यी बैठकहरूको उद्देश्य निट पुनर्परीक्षाको लागि प्रभावकारी समन्वय सुनिश्चित गर्नु, तयारीलाई सुदृढ पार्नु र परीक्षाको निष्पक्षता र विश्वसनीयता कायम राख्नु रहेको बताएको छ। परीक्षा २१ जूनमा हुने तय भएको छ।

**भारत-बंगलादेश सम्मेलन**

भारत र बंगलादेशले सीमामा शान्ति, स्थिरता र सद्भाव कायम राख्न आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरेका छन्। सीमा सुरक्षा बल र सीमा गार्ड बंगलादेशबीचको ५७ औं महानिदेशक स्तरीय सीमा समन्वय सम्मेलन ८ देखि ११ जूनसम्म नयाँ दिल्लीमा आयोजना गरिएको थियो। सम्मेलनको क्रममा दुवै देशहरूले समन्वयित गस्तीलाई अझ सुदृढ पार्न, सतर्कता बढाउन, वास्तविक-समय सूचना साझेदारीमा सुधार गर्न र सीमापार आपराधिक सञ्जालहरू विरुद्ध संयुक्त प्रयासहरूलाई तीव्र पार्न सहमति जनाए। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व सीमा सुरक्षा बलका महानिर्देशक प्रवीण कुमारले गर्नु भएको थियो भने बंगलादेशी प्रतिनिधिमण्डलको नेतृत्व महानिर्देशक मेजर जनरल मोहम्मद अशरफउज्जमान सिद्दीकीले गरु भएको थियो। अर्को सम्मेलन यस वर्ष नोभेम्बरमा ढाकामा आयोजना गर्ने प्रस्ताव गरिएको छ।